# अमर प्रहरी परिवार तथा अवकाश प्राप्त अशक्त प्रहरी

# क्षेत्रीय कोष संचालन निर्देशिका, २०७०

२०५२

## प्रहरी प्रधान कार्यालय,

## कल्याण शाखा

( संचालक समितिको मिति २०७०।१२।२३ को बैठकबाट पारित )

## अमर प्रहरी परिवार तथा अवकाश प्राप्त अशक्त प्रहरी क्षेत्रीय कोष संचालन निर्देशिका,२०७०

**१. कोष स्थापना :**

देशभर छरिएर रहेका अमर प्रहरीहरुका परिवार तथा अवकाश प्राप्त अशक्त प्रहरीहरुका लागि केन्द्रवाट संचालित कल्याणकारी कार्यक्रमहरुबारे जानकारी लिन र केन्द्रसम्म पुगि कार्यक्रमहरुबाट लाभ लिन असुविधा हुने अवस्था रहेको परिप्रेक्षमा यसलाई सहज र सर्वसुलभ गराउन प्रहरी कल्याण कोषवाट समय समयमा रकम छुट्याई क्षेत्रीयस्तरमा नै अक्षय कोष खडा गरेर मुलधन नमासिने गरी व्याजबाट आर्जन हुने रकमवाट कार्यक्रम संचालन गर्ने गरी यो कोषको स्थापना गरिएको छ।

**२. कोषको उद्देश्य :**

क) आय-आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्म निर्भर हुनको निम्ति क्षमता बढाउनु।

ख) रोजगारीको अवसरहरु श्रृजना गरी आर्थिक रुपमा सबल गराउनु।

ग) सामुहिक रुपमा स-साना आयमुलक व्यवसाय वा घरेलु उद्योग धन्दा गर्न आर्थिक सहयोग पुर्याउनु।

घ) सहकारी कार्यक्रमहरु संचालनमा आर्थिक सहयोग गरी प्रोत्साहन गर्नु।

**३. कल्याणकारी कार्यक्रमहरु :**

क) प्राविधिक तथा व्यवसायिक तालिम संचालन गर्ने ।

ख) आय-आर्जन तर्फ क्षमता अभिबृद्धी गराउने व्यवसायिक तालिमहरु संचालन गर्ने अन्य संस्थाहरुसंग(CTEVT ,NGO/INGO आदि) सम्बन्धन गरी तालिम संचालन गराउने।

ग) व्यवसायिक तालिम हासिल गरेकाहरुलाई व्यवसायका लागि बैंक मार्फत ऋण उपलव्ध गराउन प्रशासनिक प्रकृयामा सहयोग पुर्याउने।

घ) सहकारी कार्यक्रमहरुका लागि आवश्यक योजना तथा संचालनमा परामर्श सेवा दिने तथा रेखदेख गर्ने ।

ङ) कोषको संचालक समितिले पहिचान गरेका अन्य कार्यक्रमहरु।

**४. कोषका श्रोत :**

(क) अक्षय कोष स्थापना गर्न प्रहरी कल्याण कोषवाट प्राप्त शुरु मुलधन।

(ख) मुद्दति खातामा राखिएको कोषको मुलधनवाट आर्जन हुने व्याज रकम।

(ग) नियमानुसार अन्य श्रोतवाट प्राप्त हुने श्रोतहरु।

( प्रहरी कल्याण कोषवाट प्राप्त हुने मुलधनलाई प्रतिस्पर्धा गराई अधिकतम व्याज प्राप्त हुने 'क' वर्गको बैंकमा मुद्दति निक्षेपमा राख्नु पर्नेछ )

५. **कोष संचालक समिति :**

कोष संचालन गर्ने देहाय बमोजिमको एक संचालक समिति रहनेछ जसले यस कोषको उदेश्य अनुसार कोष संचालन निर्देशिकाको अधिनमा रहि आफ्नो कार्य संचालन गर्नेछ।

(क) सम्बन्धित क्षेत्रीय प्रहरी प्रमुख - अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रीय प्रहरी कार्यलय अन्तर्गतका अं.प्र.का.प्रमुखहरु - सदस्य

(ग) सम्बन्धित क्षेत्रीय सशस्त्र प्रहरी गणका गणपति - सदस्य

(घ) सम्बन्धित क्षेत्रीय प्रहरी कार्यलयका प्रहरी उपरीक्षक वा तोकिएको सि.प्र.अ. - सदस्य-सचिव

(ङ) सम्बन्धित क्षेत्रीय प्रहरी कार्यालय रहेको जिल्लाको जि.प्र.का.प्रमुख - सदस्य

६. **योजना/कार्यक्रम संचालन विधि:**

(क) कोषको लगानिमा नयां योजना तथा कार्यक्रमहरु संचालन गर्दा संचालक समितिवाट निर्णय गराई गर्नु पर्नेछ।

(ख) कोषको लगानिमा आयमुलक व्यावसायिक तालिमहरु संचालन गर्दा कम्तिमा १० जनाको समूह हुनु पर्नेछ।

(ग) अन्य संघसंस्थाहरुमा संचालन हुने आयमुलक व्यवसायिक तालिम कार्यक्रममा अमर तथा अशक्त प्रहरी परिवारका लागि निशुल्क वा सहुलियत दरमा कोटा उपलव्ध हुने भए सोहि बमोजिम तालिममा सहभागी गराउने।

(घ) नयां योजना तथा कार्यक्रमहरु तर्जुमा गर्दा कोषको परिधिभित्र रहि गर्नु पर्नेछ।

(ङ) व्यवसाय वा साना घरेलु उद्योग गर्ने चाहनेहरुलाई बैंक मार्फत ऋण उपलव्ध गराउने कार्यमा आवश्यक समन्व र सहयोग गरिदिने।

(च) सहकारी संस्था संचालन कार्यलाई प्रोत्साहन गर्ने र आवश्यकता अनुसार कोषको परिधिभित्र रहि सहुलियत व्याजदरमा आंशिक लगानि गरिदिने।

(छ) कार्यक्रमहरु संचालन गर्दा प्रहरी कल्याण कोषको विधान र प्रचलित ऐन नियमको परिधीभित्र रहि गर्नु पर्नेछ।

७ **अनुगमन र प्रतिवेदन :**

(क) स्विकृत भै संचालनमा रहेका योजना तथा कार्यक्रमहरुको नियमितरुपमा संचालक समितिले अधिकृत तोकि अनुगमन गराउनु पर्नेछ।

(ख) कोषवाट संचालन हुने कार्यक्रमहरुको संचालन हुनु पुर्व र समापन पश्चात प्रहरी प्रधान कार्यालय,प्रहरी कल्याण महाशाखामा प्रतिवेदन गर्नु पर्ने।

(ग) कोषले वर्षभरी संचालन गरेका गतिविधिहरुको वार्षिक प्रतिवेदन प्र.प्र.का.कल्याण महाशाखामा गर्नु पर्नेछ।

(घ)

८. **लेखापरीक्षण :**

कोषको लेखापरीक्षण प्रहरी कल्याण कोष विधान अन्तरगतको संचालक समितिवाट गठित लेखापरीक्षण बोर्डवाट गरिनेछ।

९. **संशोधन :**

आवश्यकता अनुसार प्रहरी कल्याण कोष विधान २०५२ को अधिनमा रही संचालक समितिवाट यो निर्देशिकामा संशोधन गर्न सकिने छ।